म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ७१ २०७९ माघ १५ गते आइतबार 29 January 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं ।**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भाग २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको सक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रामेश्वर श्रेष्ठः मेयर दोहोरिन चाहन्थे, बने स्वास्थ्य मन्त्री



**'मन्त्री पाउन एमालेभित्र लडाईं हुँदैन, आवश्यकता हेरेर पार्टीले पद दिन्छ' श्रेष्ठ भन्छन्, '१३ प्रत्यक्ष र १४ समानुपातिक गरेर २७ जना निर्वाचित माननीय सबै सक्षम, सबै योग्य हुनुहुन्छ । तर, पार्टीले आवश्यकता हेरेर अहिले हामी चार जनालाई जिम्मेवारी दिएको हो ।'**

**विनोद चौलागाईं/अनलाइनखबर**

हेटौंडाः बुधबार बागमती प्रदेशको स्वास्थ्य मन्त्रीको शपथ लिएलगत्तै रामेश्वर श्रेष्ठ हतार-हतार स्वास्थ्य मन्त्रालय पुगेर कार्यभार सम्हाले । त्यसपछि सचिव र विभागीय प्रमुखहरूको ब्रिफिङ सुने । बिहीबार पनि मन्त्रालयको ब्रिफिङ र पार्टीका नेता-कार्यकर्ताबाट बधाईसँगै विभिन्न सुझाव लिएका उनको शुक्रबार काठमाडौं जाने तालिका थियो ।

ललितपुरको महालक्ष्मी नगरपालिका प्रमुखबाट पहिलो मौकामै प्रदेश सभा निर्वाचन जितेर प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको नेतृत्व पाएका श्रेष्ठले व्यस्तताका बीच संक्षिप्त कुरा गरे । व्यक्तिगत राजनीतिक तरक्की सम्बन्धी पहिलो प्रश्नमा उनले भने, 'अहिल्यै मन्त्री बनाउनुपर्छ भनेर लागेको होइन, मैले मेयरको रूपमा पाँच वर्ष गरेको काम हेरेर पार्टी नेतृत्वले जिम्मेवारी दियो । यसमा इमानदारीपूर्वक प्रस्तुत हुन्छु ।'

गत मंसिर ४ को निर्वाचनमा बागमती प्रदेश सभातर्फ नेकपा (एमाले) का तर्फबाट श्रेष्ठले विजयीको खाता खोलेका थिए। उनले ८ हजार २९८ मत प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी राप्रपाका धनराम केसीले ६ हजार ८५१ मत पाएका थिए । चुनावको परिणामले एमालेलाई सामान्यतः प्रमुख प्रतिपक्षीको सिट देखाए पनि त्यससँगै राजनीतिक सत्ता-गठबन्धनमा भएको असामान्य फेरबदलले एमालेलाई नै नयाँ सरकार गठन प्रक्रियामा प्रमुख खेलाडी बनायो। दोस्रो ठूलो दल एमालेको सहयोगमा तेस्रो दल नेकपा (माओवादी केन्द्र) को नेतृत्वमा संघीय सरकार बन्दा प्रदेशहरुमा पनि परिस्थिति उल्टियो ।

नेपाली कांग्रेस-माओवादी गठबन्धनको बागमती प्रदेश गठन हुने परिस्थिति उल्टिएर एमाले-माओवादी सरकार बन्ने भएपछि पनि आफू मन्त्री बन्ने दौडमा नलागेको श्रेष्ठ बताउँछन् । तर पार्टी अध्यक्ष केपी शर्मा ओलीले नै मूल्यांकन गरेर आफूलाई यो जिम्मेवारी दिएको उनको भनाइ छ । 'मन्त्री पाउन एमालेभित्र लडाईं हुँदैन, आवश्यकता हेरेर पार्टीले पद दिन्छ' श्रेष्ठ भन्छन्, '१३ प्रत्यक्ष र १४ समानुपातिक गरेर २७ जना निर्वाचित माननीय सबै सक्षम, सबै योग्य हुनुहुन्छ । तर, पार्टीले आवश्यकता हेरेर अहिले हामी चार जनालाई जिम्मेवारी दिएको हो ।'

२०१८ सालमा ललितपुरको टिकाथली (हालको महालक्ष्मी-५) मा जन्मिएका श्रेष्ठ २०३५ मा अनेरास्ववियुबाट विद्यार्थी राजनीतिमा आएका थिए । अनेरास्ववियुको काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला सचिव र अध्यक्ष भए उनी । अनेरास्ववियु सातौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीका सदस्य भएपछि पार्टी राजनीतिमा आएका उनी एमाले ललितपुर जिल्ला सदस्य, प्रदेश कमिटी सदस्य हुँदै अहिले केन्द्रीय लेखा आयोग सदस्य छन् ।

श्रेष्ठ पहिलो पटक २०७४ सालको स्थानीय तह निर्वाचन लडेका थिए । त्यसबेला उनले महालक्ष्मी नगरपालिकाको मेयरका लागि ७ हजार ७६९ र उनका निकटतम प्रतिद्वन्द्वी महेश खड्का (कांग्रेस) ले ६ हजार ६४५ मत पाएका थिए । मेयर हुँदा आफूले नगरवासीको चाहना अनुसार उदाहरणीय काम गरेको उनी बताउँछन् । महालक्ष्मी नगरपालिकामा आफूले धेरै सम्झनलायक कामहरू गरेको उनको दाबी छ । कोरोना महामारीकालका मेयर श्रेष्ठले महालक्ष्मी नगरपालिकामा विदेशबाट फर्केका र रोजगारी गुमाएकाहरूका लागि 'श्रमसँग जनता कार्यक्रम' ल्याएका थिए । उनी भन्छन् 'श्रम गर्नेहरूलाई उत्साहित गर्ने क्रममा 'नगरप्रमुख उद्यमशील विकास कार्यक्रम' सुरु गर्‍यौं ।'

त्यसअनुसार, उद्यम गर्ने युवालाई १ लाखदेखि ३ लाख रुपैयाँसम्म निर्ब्याजी ऋण उपलब्ध गराएको, उद्यम योजना ल्याउनेलाई विज्ञबाट तालिम दिलाएको, बिजनेस प्रपोजल बनाउन सिकाएको र राष्ट्रिय वाणिज्य बैंकबाट सरल कर्जा उपलब्ध गराएको श्रेष्ठ बताउँछन् । 'सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्ने पहिलो पालिका समेत बनाएका थियौं हामीले महालक्ष्मी नगरपालिकालाई', उनले भने । मेयर भएर नगरपालिकामा गरेका कामहरूको अनुभवका आधारमा बागमती प्रदेशको जनस्वास्थ्य सेवामा सुधार ल्याउने बताउँछन् नवनियुक्त मन्त्री श्रेष्ठ ।

'प्रदेशभित्रका हर ठाउँका जनतामा स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्य छ। भवन नभएका जिल्ला अस्पतालहरूमा भवन बनाउँछौं, १३ वटै जिल्ला अस्पतालमा आयुर्वेदिक चिकित्सा सेवा पनि पुर्‍याउँछौं' स्वास्थ्य मन्त्री श्रेष्ठ भन्छन्, 'पालिकाहरुमा स्वास्थ्यकर्मीको अभाव हटाउँछु । स्वास्थ्यकर्मीहरुलाई क्षमता वृद्धि तालिम दिलाउँछु, नसर्ने रोग नियन्त्रणका लागि योजनाबद्ध काम गर्छु। निःशुल्क औषधिको अभाव हुन दिन्नँ ।'

खासमा, रामेश्वर श्रेष्ठ महालक्ष्मी नगरपालिकाको मेयरमा दोहोरिन चाहन्थे। तर, पार्टीले उनलाई प्रदेश सभामा पठाउने र हरिगोविन्द श्रेष्ठलाई महालक्ष्मीको मेयर बनाउने निर्णय गर्‍यो । त्यो निर्णय दुवै श्रेष्ठका लागि 'ढुंगा खोज्दा, देउता मिल्यो' भने जस्तो थियो । चुनावी परिणाम पनि दुवैले अपेक्षित नै निकाले । हरिगोविन्द आगामी पाँच वर्ष लोकप्रिय भए पनि नभए पनि मेयर रहिरहने छन् । त्यही मेयररुपी स्प्रिङ बोर्डबाट 'जम्प' लिएका रामेश्वर श्रेष्ठ भने प्रदेश सभा सदस्यसँगै मन्त्री पनि बनेका छन्, त्यो पनि रुचिकै क्षेत्रको ।

उनलाई प्रदेश स्वास्थ्य मन्त्रालयमा काम देखाउन भने नगरपालिकामा जस्तो सहज हुनेछैन । नेपालको राजनीतिक गठबन्धनको संस्कार हेर्दा पालिकामा जस्तो सहज पाँच वर्ष उपलब्ध नहुने सम्भावना पनि देखिन्छ ।

## डा. सन्दुक रुइतलाई अभिनन्दन



काठमाडौंः वरिष्ठ नेत्र चिकित्सक सन्दुक रुइतलाई अभिनन्दन गरिएको छ । डल्लु आवास स्थानीय समितिद्वारा आयोजित कार्यक्रममा अन्तर्राष्ट्रिय पुरस्कार विजेता डा. रुइतलाई कदरपत्रसहित अभिनन्दन गरिएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का नेता झलनाथ खनालले डा. रुइतलाई सम्मान गरेका छन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका नेता खनालले स्वास्थ्य क्षेत्रमा रुइतले गरेको मेहेनत र क्रियाशिलताका कारण उनले प्राप्त गरेको पुरस्कारले सम्पूर्ण नेपालीको गौरव बढाएको बताए ।

स्वदेश तथा विदेशमा रहेका बिरामीलाई उपचार गरेर सामाजिक सेवामा डा. रुइतले देखाएको कर्मबाट सबैले प्रेरणा लिनुपर्ने बताउँदै उनले सरल स्वभावका रुइतको सुखमय जीवन र थप प्रगतिको कामना गरे । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले अन्धकारमा छटपटिएका बिरामीलाई ज्योति प्रदान गरेका डा. रुइतले मुलुकलाई अन्तर्राष्ट्रिय तहमा परिचित गराएको बताए। काठमाडौं महानगरपालिका-१५ का वडाध्यक्ष ईश्वरमान डंगोलले उनको सामाजिक विकास तथा मानवीय सेवाको भावना अतुलनीय रहेको बताए ।

हालै बहराइनबाट दिइने इशा अवार्ड प्राप्त गर्न डा. रुइत छनोट भएका छन् । जसको राशि १३ लाख अमेरिकी डलर बराबरको छ । अन्तर्राष्ट्रिय तहमा ठूलो पुरस्कार प्राप्त गर्न लागेका उनी पहिलो नेपाली हुन् । *(स्रोतः रासस)*






# सम्पादकीय

## कपडा उद्योग पुन: सञ्चालन

कुनै समय हेटौंडाको पहिचान बनेको हेटौंडा कपडा उद्योग लामो समयदेखि बन्द छ । हजारौंलाई रोजगारी दिएर सञ्चालन भइरहेको कपडा उद्योग एकाएक बन्द भएपछि हेटौंडाको आर्थिक गतिविधिमै असर पुगेको थियो । तत्कालीन समयमा कपडा उद्योगले तलब वितरण गरेको दिन हेटौंडा बजारमा चहलपहलका साथै व्यापारसमेत बढ्ने गरेको भनाई पाइन्छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालन भइरहेको कपडा उद्योग कुनै ठोस कारणबिना बन्द हुन पुगेको थियो । प्रजातन्त्र पुन:स्थापनापछि सरकारी संस्थानहरुमा देखिएको राजनीतिक हस्तक्षेपबाट हेटौंडा कपडा उद्योग पनि मुक्त रहन सकेन । स्थानीय र राष्ट्रिय राजनीति हाँकिरहेका थुप्रै नेता जन्माएको हेटौंडा कपडा उद्योग राजनीतिकै कारण बन्द हुन पुगेको हो । हेटौंडा कपडा उद्योगप्रति धेरै राजनीतिक दल, तिनका नेतृत्व र विभिन्न सरकार र सम्बद्ध पदाधिकारीले चासो र चिन्ता व्यक्त गर्ने गरेको भए पनि यो केवल भाषणमा मात्र सिमित बनिरहेको छ ।

चीन सरकारको सहयोगमा २०३२ सालबाट निर्माण सुरु भएको हेटौंडा कपडा उद्योगले २०३५ सालबाट व्यावसायिक उत्पादन सुरु गरेको थियो । करिब २ दशकसम्म निर्बाध सञ्चालन भएको उद्योग २०५६ फागुनदेखि पूर्णरुपमा बन्द भएको हो । २३ वर्षदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुन: सञ्चालनको चर्चा बारम्बार हुने गरेको छ । डा. बाबुराम भ राई अर्थमन्त्री भएको समयमा हेटौंडा कपडा उद्योग चलाउने उद्देश्यले मेशिनहरुको मर्मत गरेर कपडा उत्पादन सुरु गरिएको भए पनि कपासको अभाव देखाउँदै उद्योग सञ्चालन गरिएन । २०७० जेठमा मन्त्रिपरिषद्ले उद्योग खारेज गरी सम्पत्ति तथा मेशिनरी सामान औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको जिम्मा दिने निर्णय गरेको दिएको थियो । तर, २०७३ सालमा तत्कालीन सरकारले हेटौंडा कपडा उद्योग पुन: सञ्चालनका समिति गठन गरेर विस्तृत अध्ययन गरायो । उक्त समितिले बुझाएको प्रतिवेदनलाई पन्छाउँदै २०७३ पुसमा मन्त्रीस्तरीय निर्णयबाट सुरक्षा निकायसमेतको लगानी र व्यवस्थापनमा नेपाली सेनाको नेतृत्वमा उद्योग पुन: सञ्चालनको तयारी गरेको थियो ।

शुक्रबारमात्र बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले हेटौंडा कपडा उद्योगको उत्पादन सबैले लगाएमा उद्योगले पुनर्जीवन पाउन सक्ने बताएका छन् । हेटौंडामा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार मेलालाई सम्बोधन गर्दै प्रदेश प्रमुख शर्माले उद्योगबाट उत्पादन भएको कपडा सरकारी कर्मचारी, स्कूलका विद्यार्थी, शिक्षक, सांसद र मन्त्रीहरुले लगाएमा उद्योगले पुनर्जीवन पाउने बताएका हुन् । आयातित कपडासँग स्वदेशी कपडाले प्रतिस्पर्धा गर्न कठिन भएको अवस्थामा प्रदेशप्रमुखको यो भनाई वर्तमान अवस्थामा सान्दर्भिक होला । तर, उत्पादन भएका कपडा नबिकेर हेटौंडा कपडा उद्योग बन्द भएको होइन । विगतमा गुणस्तरीय कपडा उत्पादन गरेर ख्याति बनाइसकेको हेटौंडा कपडा उद्योगले सरकारी व्यवस्थापनमै पुन: गुणस्तरीय उत्पादन गरेमा बजारको समस्या नहुन सक्छ । भाषणमा मात्र उद्योग पुन: सञ्चालनको कुरा गरेर कुनै अर्थ रहँदैन ।

स्वदेशमै ठूलो परिमाणमा गुणस्तरीय सुति तथा अन्य कपडा उत्पादन गरिरहेको हेटौंडा कपडा उद्योगले तत्कालीन समयमा कपडाको आन्तरिक माग पूरा गर्न धेरै सहयोग गरेको थियो । मुलुकलाई कपडामा आत्मनिर्भर बनाउने उद्देश्यले नेपालगञ्जमा कपास विकास समिति, हेटौंडामा कपडा उद्योग र बुटवलमा धागो कारखाना सञ्चालनमा ल्याइएको थियो । तत्कालीन अवस्थामा चरम राजनीतिकरण, जथाभावी कर्मचारी भर्ती, अक्षम व्यवस्थापन तथा प्रविधि स्तरोन्नति गर्न नसकेका कारण चलिरहेको उद्योग धराशायी बनाएर बन्द गरिएको थियो । बन्द उद्योग सञ्चालनका लागि विभिन्न समयमा विभिन्न दल नेतृत्वको सरकारले गरेका प्रयास पनि प्रचारात्मक मात्र हुन पुग्यो । सरकारले हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याएर सरकारले पोशाक सुविधा दिइरहेका निकायलाई कपडा नै दिने नीति लागू गर्न सकेमा यसलाई सजिलै सञ्चालन गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय छ।
**वृष** : सामाजिक र धार्मिक काममा सरिक भईने छ।
**मिथुन** : नकारात्मक कुराहरु नियन्त्रण गर्दा राम्रो।
**कर्कट** : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त।
**सिंह** : दिकदारी र चिडचिडेपन बढ्ने समय छ।
**कन्या** : भोजभतेर र उत्सवमा रमाईने समय योग छ ।
**तुला** : स्वास्थ्यस्थितिमा सचेतना अपनाउँदा राम्रो।
**वृश्चिक** : परोपकारजन्य काममा सरिक भईने समय छ ।
**धनु** : आवेगमा नियन्त्रण गर्दा राम्रो रहने समय छ ।
**मकर** : सामाजिक र सांस्कृतिक काममा सरिक भईने छ ।
**कुम्भ** : परोपकारजन्य काम र धार्मिक काममा सरिक।
**मीन** : धार्मिक र सामाजिक काममा सरिक भईने छ ।

# 'यो देशमा लोकतन्त्रको अभ्यास होइन, क्रुर अभिनय भइरहेको छ'



✍आस्था लोहनी

म जुन लिंग, वर्ग र जातबाट आएको छु, त्यो उत्पीडन दिने वर्ग नै हो। यसमा दुई मत छैन। त्यसैले पनि मलाई लैंगिक हिंसाको विषयमा बोल्दा अप्ठेरो-अप्ठेरो हुन्छ। किनकि अहिलेसम्म समाज-संस्कृतिको व्याख्या गर्ने सबै पुरुषहरु नै भए । मैले पनि त्यही पुरुष व्याख्या अर्थात् 'म्यान्सप्लेनिङ'को पराम्परालाई अगाडि बढाइरहेको छु कि भन्ने संशय हुन्छ। महिलामाथि हुने हिंसाबारे रुपा सुनार र रुबी खानजीले भन्नुभयो । उहाँहरुलाई त्यसको प्रत्यक्ष अनुवभ छ, मलाई छैन । मेरो कुरा कति प्रामाणिक हुन्छ भन्ने प्रश्न सधैं मनमा हुन्छ। त्यसैले मैले यहाँ जे भन्छु, त्यो पूर्ण सत्य होइन। आफूले जानेको र सोचेको मात्र भन्ने हो । यो केही कुरामा लागू हुन सक्छ, धेरै कुरामा लागू नहुन पनि सक्छ । म सर्वप्रथम त्यो आयामबाट मेरो कुरा बुझिदिन सबैलाई अनुरोध गर्छु।

रुपाजीले भन्नुभयो कतै लैङ्गिक हिंसा भयो, बलात्कार भयो भने त्यो एउटा घटना हो । तर, हामीले घटनालाई सधैं संरचनासँग जोडेर हेर्नुपर्ने हुन्छ। नेपालको संरचना कस्तो छ ? संरचना भन्नाले समग्रमा आर्थिक, सामाजिक राजनीतिक, सामाजिक, सांस्कृतिक सबै । सबै मिलेर बनेको त्यो समग्र संरचना कस्तो छ त ? त्यो विभेदै विभेद थुप्रिएर बनेको संरचनाको चाङ जस्तो छ। त्यो संरचनामा जो जति पिंधमा हुन्छ, न्यायबाट उति नै पर उछिट्टिएको हुन्छ। यो एउटा अनुसन्धानले पनि देखाएको छ । हाम्रो आन्दोलनको अनुभवले यही देखाएको छ । जुन जति संरचनाको पिंधमा हुन्छ, उसलाई न्याय पाउन उति नै गाह्रो हुँदोरहेछ ।

म तपाईंहरुलाई एउटा काल्पनिक केस दिन्छु। एउटा मधेशी दलित महिला छ। चरम गरिब छ। एकदमै दुर्गम र शक्ति संयन्त्रबाट टाढा छ। अनि अपांगता पनि भएको छ। लेस्बियन पनि हो। आँखा पनि नदेख्ने छ। ऊ पिंधको पनि पिंधमा छ। उसलाई कुनै पनि किसिमको संरचनात्मक लाभांश छैन। उसको तुलनामा हामी सबैलाई कम वा बेसी केही न केही लाभ उपलब्ध भएकै हुन्छ। हामी संरचनाको जति टुप्पोतिर छौं, त्यति गम्भीर हुन जरुरी छ । जिम्मेवारी उति नै थपिन्छ । उसले संरचनाको पिंधका मान्छेका लागि लेख्नुपर्छ, बोल्नुपर्छ । त्यही जिम्मेवारी बोध गरेर नै हामी कति जना यो आन्दोलनमा छौं । जात, लिंग, वर्ग सबै हिसाबमा हामीलाई संरचनाको लाभ हुँदाहुँदै पनि किन छौं त यहाँ ? त्यही जिम्मेवारी बोध गरेर ।

एकातिर संरचनाको पिंध त्यस्तो छ भने अर्कातिर टुप्पो कस्तो छ त ? संरचनाको टुप्पोतिर हेर्नुभयो भने अपवादबाहेक प्राय गरेर एउटै थर, लिंग, धर्म, वर्गआदिका मान्छेहरु भेटिन्छन्। यस्तो हुनुको कारण के होला ? यसका ऐतिहासिक कारणहरु छन्। तपाई जतिजति संरचनाको टुप्पोटुप्पो, छेउछेउतिर पुग्नुहुन्छ, संरचनागत असंवेदशीलता उति बढ्ने सम्भावना हुन्छ । पहिला मैले यसलाई संरचनागत अन्धता भन्ने गर्थे । तर, पछि अन्धता भन्नु त साँच्चैमा अन्धता भएका मान्छेहरुप्रति पनि अन्याय हुन्छ भन्ने लाग्यो । त्यसैले, मैले अचेल असंवेदनशीलता भन्न थालेको हुँ । तर, कुरा त्यही हो ।

टुप्पोबाट पिंधमा हेर्दाखेरि के देखिन्छ ? प्रतीकात्मक रुपमा भन्ने हो भने यहाँबाट सिंहदरबार, संसद् भवन, बालुवाटार नजिकै छ । त्यहाँ जोडिएका मान्छेहरु संरचनाको टुप्पोमा हुन्छन् । संरचनाको पिंधमा भएका मिटरब्याज पीडित किसान, उखु किसान, सुकुम्बासी, लैंगिक हिंसा पीडित यहाँ सडकमा छन्। मलाई लाग्छ, उनीहरुले पिंधको मान्छेलाई कीरा माकुरा जस्तो देख्छ। त्यसैले टुप्पोमा हुनेहरुमा उति उति असंवेदनशीलता बढ्दै जान्छ ।

यो तेस्रो चरणको आन्दोलन हो । रुबीजीहरु यसअघि पनि जाडोमा दुई-दुईपल्ट आएर बसिसक्नुभएको छ । उहाँहरुले यत्रो दिनसम्म के खाएर, के लाएर बसिरहनु भएको होला भनेर टुप्पोमा बस्नेहरुले सोचेकै छैनन् । उनीहरुमा संवेदनशीलता नै छैन । टुप्पो र पिंधको भिन्नता यसले प्रष्ट देखाइरहेको छ।

यस्तो अवस्थामा टुप्पोमा भएको मान्छेहरुको दुइटा रणनीति हुँदोरहेछ। एउटा चाहिं देख्दै नदेखेको जस्तो गर्ने, सुनेको नसुनेकै जस्तो गर्ने । रुबीजीहरुले यत्रो दिनदेखि नारा लगाइरहनुभएको छ। यहाँबाट सिंहदरबार टाढा पनि छैन । तर पनि सरकारले देख्दै देख्दैन, सुन्दै सुन्दैन, बुझ्दै बुझ्दैन। अर्को रणनीति चाहिं अलि चलाख किसिमको हुन्छ। सुनेसुने, देखेदेखे, बुझेबुझे जस्तो गर्ने । अस्ति हाम्रा गृहमन्त्री यहाँ भ्रमणमा आउनुभएको थियो । भ्रमण कोटअनकोटमा छ । तर, के सुनियो भने उहाँहरुले रुबीजीहरुको कुरै सुन्नुभएन, आफू मात्रै बोलेर जानुभएछ । यहाँ आएपछि अलि सुन्ने धैयर्ता देखाएको भए हुन्थ्यो ।

यस्तो अवस्थामा के प्रश्न उठ्छ भने यहाँ साँच्चिकै लोकतन्त्र र सामाजिक न्यायको अभ्यास भइरहेको छ कि क्रुर अभिनय मात्रै भइरहेको छ ? अभिनय त राम्रो अभिनय पनि हुन्छ । यहाँ शिल्पी थिएटर, अन्शु खनालजीहरुको अभिनय खुसी भएर हेर्छौं । त्यो खालको अभिनय होइन। यहाँ क्रुर अभिनय भइरहेको छ । उसले सुनेसुनेको जस्तो मात्र होइन, वाचा पनि गर्छ। मन्त्रीज्यूले यहाँ आएर चिसोमा मै बसिदिन्छु भनिदिनुभयो। भन्न त जसले पनि सक्छ, जे भने पनि हुन्छ। त्यो लोकतन्त्र र न्यायको अभिनय हो ।

यो स्थिति एकदमै डरलाग्दो हुँदोरहेछ। अहिले यो देशमा लोकतन्त्र र सामाजिक न्याय मिचियो भने हजारौंको संख्यामा मानिसहरु हुन्थे। २०६२-६३ को आन्दोलनमा हामी लाग्दाखेरि हजारौंको संख्यामा मान्छेहरु जम्मा भएका थिए । ओली प्रतिगमनको विरुद्धमा लाग्दाखेरि पनि यहाँ संविधानै मिचिन लाग्यो भनेर धेरै मानिसहरु जम्मा भएका थिए । अहिले संविधान पनि छ, संविधानमा समानताको कुरा पनि लेखिएको छ । चुनाव पनि भर्खरै भएको छ । गृहमन्त्रीजी आएर तपाईंहरुका लागि यहीं बसिदिन्छु पनि भनिरहनुभएको छ। सबै भइरहेको छ । तर, वास्तवमा केही पनि भएको छैन । रुबीजीहरुले तीनतीन पल्ट आन्दोलन गर्दा पनि सुनुवाइ भएको छैन ।

तर, पीडक बादशाह कुर्मीलाई नै कांग्रेसले उम्मेदवार बनाएर चुनाव जिताएको छ। यो के हो त ? एकातिर लोकतन्त्र र सामाजिक न्यायको कुरा भइरहेको छ, अर्कोतिर त्यसको कुनै अर्थ नै छैन। हामी लोकतान्त्रिक छौं, सामाजिक न्यायको पक्षमा छौं भनेर भन्नैपर्ने बाध्यता छ। तर, यी शब्दहरुको कुनै अर्थ छैन । यी अर्थ रित्तिएका खोक्रा शब्द बनेका छन्।

सीमान्तकृत वर्गका मान्छेलाई न्याय पाउन किन गाह्रो भइरहेको छ ? भन्ने विषयमा यहाँ चर्चा भयो। मेरो कुरा के हो भने शक्तिबाट जो जति टाढा हुन्छ, न्याय पाउन उसलाई त्यति नै गाह्रो हुँदोरहेछ । पुरुषको तुलनामा महिलालाई न्याय पाउन गाह्रो हुन्छ। त्यो नारी पनि यदि श्रमिक वर्गको छ भने उसलाई झन् गाह्रो भयो। दलित छ भने झनै गाह्रो भयो। अपांगता भएको छ भने अझै गाह्रो भयो। उसले न्याय पाउने चुनौतीहरु अझै बढ्दै जान्छन्। अनुसन्धान र हाम्रो अनुभवले पनि त्यही देखाउँछ ।

समग्रमा यो संरचना, कानुन र बच्चादेखि नै हुर्काएर ल्याएको हाम्रो विचारको अविच्छिन्न सम्बन्ध रहेछ। एउटा महिला आफू 'अन्यायमा परें भनेर जहाँ जान्छे, त्यहाँ पुरुष नै बसेको हुन्छ। त्यो पुरुष अपवादबाहेक निश्चित जातको हुन्छ । अपवादका रुपमा त्यहाँ कुनै नारी नै भए पनि उसले ...बाँकी पृष्ठ ३ मा

# खराब भएको कलेजो फेरि स्वस्थ हुन्छ ?



✍सुमित्रा लुँइटेल



प्रा.डा. विधाननिधि पौडेल
कलेजो रोग विशेषज्ञ

कलेजोले शरीरको फोहोरलाई बाहिर निकालेर निरोगी बनाइराख्न मुख्य भूमिका खेलेको हुन्छ । कलेजोले हाम्रो शरीरमा रहेका भिटामिन, मिनरल्स, एन्टिअक्सिडेन्ट लगायत पोषक तत्वलाई छुटाई शरीरको आवश्यकता अनुसार विभिन्न अंगमा पुऱ्याउँछ।

कलेजोलाई स्वस्थ राख्न के के कुरामा ध्यान दिने ? कलेजो खराब हुँदै गएको कसरी थाहा हुन्छ ? लगायत विषयमा पेट तथा कलेजोरोग विशेषज्ञ प्रा. डा. विधाननिधि पौडेलसँग गरिएको कुराकानी :

### कलेजो के कारणले खराब हुन्छ ?

कलेजो खराब हुने विभिन्न कारण छन्। हेपाटाइटिस ए, बी, सी, डी र ई, कोरोना भाइरस, मलेरिया, कालाजार तथा अन्य सरुवा रोगका कारण कलेजो खराब हुन्छ । साथै खराब खानपान, मोटोपन, मदिरा सेवन, औषधिको अत्यधिक सेवन, व्यायामको कमी, अत्यधिक प्रोटिनको सेवन र फ्याटी लिभर पनि कलेजो खराब हुने कारण हुन्।

### कलेजो खराब हुँदै गएको कुरा कसरी थाहा हुन्छ ?

कलेजोमा समस्या आयो भने छाला पहेंलो हुँदै जान्छ। त्यसैगरी आँखामा समेत पहेंलोपन बढ्छ, पिसाब पहेंलो हुन्छ । कलेजोको समस्या बढ्दै गए रगत बान्ता हुन्छ, बान्तामा रगतको छिर्का देखियो भने कलेजोको समस्या भएको हुन सक्छ ।

कलेजो खराब हुँदा पेटभन्दा तल सुन्निने, हात गोडा सुन्निने जस्ता समस्या पनि देखिन्छन्। खानाको स्वाद थाहा नहुने र बारम्बार स्वाद फरक हुने समसया देखिन्छ। बिना परिश्रम थकान र कमजोरी भए पनि कलेजोको समस्या हुन सक्छ ।

### कलेजो खराब भएपछि के कस्ता स्वास्थ्य समस्या आउँछ ?

कलेजोमा खराबी भए पाचनयन्त्र चुस्त हुँदैन । शरीरमा विषाक्त पदार्थ फैलिन्छ । जब शरीरमा विषाक्त पदार्थ फैलिन्छ, तब विभिन्न अंगमा त्यसको सोझो प्रभाव पर्न थाल्छ। फोक्सोमा पानी जम्ने, पेटमा पानी जम्ने हुन्छ । यसले क्रमश: मिर्गौला, मुटु सबैमा असर गर्न सक्छ।

### कुन चरणमा पुगेपछि कलेजो एकदमै काम नलाग्ने हुन सक्छ ?

कलेजो सिरोसिस हुँदा कलेजो खुम्चिन्छ। लिभर सिरोसिसको 'कम्पेन्सेट' क्षतिपूर्ति हुन सक्ने र 'बिकम्पेन्सेट' क्षतिपूर्ति नहुने दुई प्रकारको हुन्छ । 'बिकम्पेन्सेट' सिरोसिसमा कलेजोमा बोसो जमेर कलेजोको कोषिकाहरु खुम्चिएर गाँठो पर्छ। यस्तो अवस्थामा कलेजो कामै नलाग्ने हुन्छ । कलेजो प्रत्यारोपण नै यसको उपचार हो।

### खराब भइसकेको कलेजो सही खानपान र जीवनयापनले पुन: स्वस्थ हुन्छ ?

खराब खानपान र अव्यवस्थित जीवनशैलीको कारणले कलेजो खराब भएको हो भने सही खानपान र जीवनयापनले पुन: कलेको स्वास्थ्य हुन्छ ।

धेरै रक्सीको सेवनले कलेजो खराब भएको हो भने रक्सी खान छोडेको ६ महिनापछि नै कलेजोको अवस्था सुध्रिदै जान्छ। हेपाटाइटिस सीको कारणले कलेजो खराब भएको छ त्यसको उपचारपछि कलेजो स्वस्थ हुन्छ ।

### खराब भइसकेको कलेजो पुन: स्वस्थ हुन्छ भने कसरी हुन्छ ?

खराब खानपान जस्तै मद्यपान, कार्बोहाइड्रेट बढी भएको खाना, चिनी बढी भएको खानेकुराको बढी सेवनले कलेजो खराब भएको हो भने खानपानमा सुधार गर्ने र मद्यपान छोडेपछि कलेजो पुन: स्वास्थ्य हुँदै जान्छ ।

हेपाटाइटिस सीको कारण कलेजो खराब भएको हो भने त्यसको औषधि खाएपछि कलेजो पुन: स्वास्थ्य हुने भयो । मोटोपनको कारण फ्याटी लिभर भएर कलेजो खराब भएको हो भने तौल घटायो भने कलेजो स्वास्थ्य हुन्छ ।

### पूर्ण रुपमा कलेजो स्वस्थ कसरी राख्न सकिन्छ ?

कलेजोलाई स्वस्थ राख्न सबैभन्दा ध्यान दिनुपर्ने खानेकुरा नै हो। जंकफुड, बढी चिल्लो खानेकुरा, बोसो बढी भएको खानेकुरा, गुलियो बढी भएको खानेकुरा र कार्बोहाइड्रेट बढी भएको खानेकुरा कम खानुपर्छ । यसैगरी हरियो सागसब्जी, कलेजोबाट विषाक्त पदार्थ निष्कासन गर्नमा सहयोगी हुन्छन् । यिनमा विद्यमान क्लोरोफिलले कलेजोमा हुने खतरनाक रासायनिक पदार्थहरुको प्रभावलाई कम गर्छ। त्यसैले कलेजो स्वस्थ राख्न प्रशस्त मात्रामा हरियो सागसब्जी खानुपर्छ।

कलेजोलाई स्वस्थ राख्न राम्रो निद्रा पनि आवश्यक हुन्छ । निद्राको कमीले कलेजोमा बढी दबाब पर्छ, त्यसैले शरीरलाई आराम दिन समयमा सुत्ने र समयमा उठ्ने बानी गर्नुपर्छ।

कलेजोलाई स्वस्थ राख्न शारीरिक गतिविधि र व्यायाम पनि जरुरी हुन्छ। शारीरिक रुपमा सक्रिय भएन भने कलेजोमा बोसो जम्ने समस्या देखिन सक्छ। भाइरल हेपाटाइटिसले रगतको माध्यमबाट कलेजोमा असर गर्ने हुँदा यसबाट बच्न खोप लगाउनुपर्छ। *(स्रोत: अनलाईनखबर)*

# 'जसले संरक्षण गरेको हो, अधिकार पनि उसैले पाउनुपर्छ भन्ने चाहन्छौं'

"हरियो वन नेपालको धन" भन्ने उक्ति आजभोलि त्यत्ति सुनिन्न । वन क्षेत्रको उचित व्यवस्थापन र लाभको सदुपयोग गर्न नसक्दा ठूलो परिमाणमा विदेशी काठ खरिद गर्नुपर्ने अवस्था छ । सार्वजनिक वनको संरक्षण र लाभ हासिलका लागि सार्वजनिक वनलाई समुदायमा हस्तान्तरण गरिँदै आएको छ । वनको स्वामित्व उपभोक्ता समूहलाई दिएसँगै अधिकांश क्षेत्रमा सदुपयोग भएको छ भने कतिपय अवस्थामा दुरुपयोग पनि भउका छन् । यद्यपि वन क्षेत्रमा स्पष्ट नीति स्थापित नहुनु, सरकारको नेतृत्वले यसतर्फ ध्यान दिन सकेको छैन । यसैसन्दर्भमा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



साधुराम चौलागाई, अध्यक्ष
सामुदायिक वन उपभोक्ता महासंघ
मकवानपुर

समाज: हाल मकवानपुर जिल्लामा सामुदायिक वन अभियान कसरी चलिरहेको छ ?

**चौलागाई**: मकवानपुर जिल्लामा सामुदायिक वनको अवस्था हेर्ने हो भने जताततै हराभरा भएको छ। लगभग नब्बे प्रतिशत हामीले यो सामुदायिक वन अभियानलाई सफल पार्न सकिरहेका छौं भने बाँकी १० प्रतिशतमात्र चुनौतीको रुपमा रहेको छ । यस्ता चुनौतीहरुलाई सामना गर्नका लागि हामी अगाडि बढ्दै पनि छौं । मकवानपुरमा हाल ४२४ वटा सामुदायिक वन रहेका छन् भने हामीसँग ३२४ वटा सामुदायिक वन आबद्ध रहेका छन् । बाँकी सामुदायिक वनहरुलाई पनि यो अभियानमा आबद्ध गराउन हामी लागिपरेका छौं । नचाहँदा नचाहँदै पनि राज्यले हाम्रो वन क्षेत्रको अधिकार खोसिरहेको छ । तर हामीले संरक्षण र उत्पादन गरेको चीज हामीले नै उपभोग गर्न पाउनुपर्छ भन्ने माग गर्दै आएका छौं ।

समाज: वन संरक्षण गरेबापत् उपभोक्ताले लाभ लिनका लागि वा उपभोक्ता मारमा नपर्नका लागि राज्यमा कस्तो नीतिको आवश्यक छ ?

**चौलागाई**: अहिले सामुदायिक वन प्रदेश नीतिको आधारमा चल्नुपरेको छ । हामी राज्यको यो नीतिलाई परिवर्तन गरी स्थानीय निकायअन्तर्गत् चल्न चाहन्छौं । स्थानीय निकायका प्रतिनिधिहरुलाई हामीले नै चुनावमा मत दिई जिताएर पठाएका हुन्छौं । स्थानीय निकायमा कतिपय प्रतिनिधिहरु सामुदायिक वनसम्बन्धी ज्ञान भएका अर्थात् सामुदायिक वन अभियानमा संलग्न व्यक्तिहरु नै हुने भएकाले हामी स्थानीय नीतिअन्तर्गत् चल्न चाहन्छौं ।

**समाज: प्रदेश सरकारले बुझ्न नसकेका विषयलाई बुझाएर प्रदेश मातहतमै चलाउँदा अझै सहज हुन्थ्यो कि ?**

**चौलागाई**: हामी जसले संरक्षण गरेको हो, अधिकार पनि उसैले पाउनुपर्छ भन्ने चाहन्छौं । हामी उपभोक्ताको अधिकारमा कटौती नगरोस् भन्ने चाहन्छौं । त्यसका लागि राज्यले उपभोक्तालाई वनसँग सम्बन्धित विभिन्न तालिम, गोष्ठी तथा सेमिनार गरिदिनुपर्थ्यो तर त्यस्तो केही भएन । त्यसकारण हाम्रो यो अभियानले नै केही समयपछि लेखासम्बन्धी तालिम सञ्चालन गर्दैछौं । त्यसका लागि हामीले नगरपालिकाबाट बजेट पनि माग गरिसकेका छौं । यो तालिममा हामीले वन किनेको बेलादेखि पछिसम्म रेकर्ड राख्ने तरिका, आयव्ययको हिसाब राख्ने तरिकाहरु सिकाउनेछौं ।

समाज: सामुदायिक वन उपभोक्ताको प्रारम्भिक समूहले वन संरक्षणका लागि के कस्ता क्रियाकलापहरु गर्न सकिन्छ ?

**चौलागाई**: सामुदायिक वन उपभोक्ता समूहको प्रमुख कार्य भनेको वनको संरक्षण गर्नु हो । त्यसका लागि खाली जग्गामा वृक्षरोपण गर्ने, चोरीचाकडीको नियन्त्रण गर्ने, बाटो छेउछाउको खाली भागमा रुख विरुवा लगाउने र खाली जग्गामा माटो सुहाउँदो फलफूल खेती गर्न प्रेरित गर्नेजस्ता कार्य गर्न सकिन्छ ।

समाज: पहिलो कार्यकालको प्रदेश सरकारले वन क्षेत्रको विकास गर्ने उद्देश्यले फलफूलको विरुवा बाँडेका पनि थिए, त्यसको नतिजा कस्तो पाउनुभयो ?

**चौलागाई**: पहिलो कार्यकालको प्रदेश सरकारले ल्याएको उक्त योजनाले प्रभावकारी नतिजा निकाल्न सकेन । त्यतिबेला प्रदेश सरकारले माटो जाँच नगरी फलफूलको विरुवा बाँडेका थियो ।

समाज: काठजन्य वस्तुको उत्पादन, वितरण र मूल्यसम्बन्धी समस्यालाई समाधान गर्न के गर्न सकिन्छ ?

**चौलागाई**: काठजन्य वस्तुको मूल्य निर्धारण न्यायाधीशहरुको भेलाले गर्ने गर्दछ । उक्त भेलामा हामीले उपयुक्त रेटहरु लैजान सक्नुपर्दछ । सामुदायिक वनमा आबद्ध नभएका व्यक्तिहरुका लागि राज्यले छुट्याएको पचास प्रतिशत आपूर्ति समितिको काठमार्फत् उपलब्ध गर्न सकिन्छ ।

समाज: मकवानपुर जिल्लाको सन्दर्भमा वनसँग सम्बन्धित कस्ता-कस्ता उद्यमहरु सञ्चालन गर्नु उपयुक्त देखिन्छ ?

**चौलागाई**: मकवानपुरको सन्दर्भमा काठको कुर्सी, टेबल, झ्याल, ढोकालगायत अन्य फर्निचरसम्बन्धी सामानहरु तयार गरी बेच्ने उद्यम उपयुक्त देखिन्छ। दुई वा तीन वटा सामुदायिक वनहरु आपसमा मिलेर यस्ता उद्यमहरु सञ्चालन गर्न सक्यो भने बाहिरबाट आयात गर्नुपर्दैन ।

समाज: सामुदायिक वन उपभोक्ता महासंघले राष्ट्रियरुपमा ध्यान दिनुपर्ने मुद्धाहरु के देख्नुहुन्छ ?

**चौलागाई**: सामुदायिक वन उपभोक्ता महासंघले हाल चोरी निकासी गरेका, नियन्त्रणभन्दा बाहिर रहेकाको बारेमा संघीय सरकारसमक्ष गएर सामुदायिक वनको बारेमा बताउनुपर्ने देखिन्छ। एक वन एक उद्यम बनाएर अगाडि बढाउने, जडीबुडीको सदुपयोगजस्ता थुप्रै मुद्दाहरु महासंघले हेर्नुपर्ने देखिन्छ ।

# बाल संरक्षणसम्बन्धी परामर्श सम्पन्न

समाज संवाददाता

हेटौंडाः बाल संरक्षण र हेरचाह सुधारको वकालतका लागि राष्ट्रिय परामर्श कार्यशाला सम्पन्न भएको छ । नेपालका विकास साझेदार संस्थाहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, युएन एजेन्सीका पदाधिकारीहरुसँग काठमाडौंमा परामर्श कार्यशाला सम्पन्न भएको हो ।

कार्यक्रममा समाज कल्याण परिषदका सहनिर्देशक पेम्बा तामाङले दर्ता नभएका बाल गृहहरुमा लगानी नगर्न र बाल संरक्षणको क्षेत्रमा कार्यरत बाल अधिकार अभियन्ताहरुले आवाज उठाएका क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो । उहाँले बालबालिकाको सर्वोत्तम हितको क्षेत्रमा कार्य गर्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र विकासका साझेदार संस्थाहरुलाई आग्रहसमेत गर्नुभयो । समाज कल्याण परिषदबाट हुने संस्थागत अनुगमनमा बालबालिकाको संरक्षणको सुनिश्चितता र दीर्घकालीन विकासमा लगानी र उपलब्धी मापन गरिने उहाँले बताउनुभयो ।

राष्ट्रिय बाल अधिकार परिषदका बाल संरक्षण शाखा प्रमुख नमुना भुसालले सरकारी मापदण्डविपरित रहेका बालगृहहरुबाट बालबालिका उद्दार गरिएको बताउनुभयो । सरकारी नीतिविपरित खुलेका बालगृहहरुमा रहेका बालबालिकाको संरक्षणको अवस्था कहालीलाग्दो रहेको उहाँको भनाई छ । उहाँले धेरै बालबालिकाको उद्दार गर्नुपर्ने अवस्था रहेको र यस क्षेत्रमा धरै काम गर्नुपर्ने जानकारी दिनुभयो ।

एनएसीजीका अध्यक्ष किरण थापाले बालबालिकाको अनावश्यक संस्थागतिकरण रोक्न सरकार, बहुपक्षीय संस्थाहरु, संयुक्त राष्ट्रसंघका निकायहरु, अन्तर्राष्ट्रिय गैससहरु, नागरिक समाज संस्थाहरु र विश्वासमा आधारित संस्थाहरुको समन्वय र सहकार्यमा सामूहिक कार्यहरु देखिने गरी गर्न सुझाव दिनुभयो । उहाँले सबै स्थानीय पालिकामा बाल कल्याण अधिकारी नियुक्ति, बाल संरक्षण नीति र बाल अधिकार समिति गठन र परिचालन गर्न खबरदारीसमेत गर्नुभयो । उहाँले एनएसीजीले परिवारमा बालबालिकाको अधिकार स्थापित गर्न क्रियाशील रहने बचनबद्धता गर्नुभएको छ ।

एनसीजीका सहअध्यक्ष ऋतु भट्टराईले कार्यपत्र प्रस्तुत गर्नुहुँदै नेपालको बालगृहमा रहेका बालबालिकालाई विशेष संरक्षण आवश्यक रहेको बताउनुभयो । संरक्षण आवश्यक रहेका अनाथ बालबालिका, निकृष्ट प्रकारको कार्य गरिरहेका बालश्रमिक, यौन दुर्व्यबहार र शोषणको शिकार भएका बालबालिकालाई बालबालिकासम्बन्धी ऐन, २०७५ को धारा ४८ अनुसार राज्यबाट विशेष हेर चाह, संरक्षण र सहयोगको हक तथा अधिकार रहेको उहाँले बताउनुभयो । ऐन र नियमावलीअनुरुप बालबालिकालाई कानुनी सहायता र परामर्श, शैक्षिक सहयोग, सीपमूलक तालिम, हेल्पलाइन समर्थन, खेलकुद, मनोरञ्जन र रचनात्मक कार्यहरु आवश्यक रहेको उहाँले जोड दिनुभयो ।

राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष प्रकाश खतिवडाले कार्यपत्र प्रस्तुत गर्नुहुँदै फरगेट मी नट र हिमाली नवीन समाजसँग सहकार्य गर्दै सञ्जालले सरोकारवालाहरुबीच बाल संरक्षणको क्षेत्रमा काम गरिरहेको बताउनुभयो। बाल संरक्षणका लागि राष्ट्रिय सहमति विकास गर्न, परिवारमा बालबालिकाको अधिकार स्थापना गर्न राष्ट्रिय र प्रादेशिक स्तरमा कार्ययोजना विकास गर्न कार्यक्रम सञ्चालन भइरहेको खतिवडाले बताउनुभयो। राष्ट्रिय बाल संरक्षण सञ्जालले बालश्रम शोषणको अन्त्य, बिपदमा बाल संरक्षण, बाल संरक्षण प्रणालीको सुदृढीकरण, परिवारबाट अलग भएका बालबालिका, परिवार नभएका बालबालिकाको बैकल्पिक स्याहार, बाल यौन दुर्व्यवहार र शोषणको क्षेत्रमा राष्ट्रियरुपमा आफ्ना सदस्य संस्थाहरुलाई परिचालन गरी कार्य गरिरहेको बताउनुभयो ।

फरगेट मी नटका राष्ट्रिय निर्देशक अञ्जु पुनले सरकारी, विकासका साझेदार संस्थाहरु र नागरिक समाजका सञ्जालहरुको समन्वय र सहकार्यबाट नै बाल संरक्षण सुनिश्चित हुने जानकारी दिनुभयो । जहिलेसम्म बालबालिका सुरक्षित भएको महसुस गर्दैनन्, तबसम्म संघीय र प्रादेशिक कार्ययोजना बनाएर कार्य गरिरहनुको विकल्प नभएको उहाँले बताउनुभयो ।

हिमाली नवीन समाजका ऋजा महर्जनले कार्यपत्र प्रस्तुत गर्नुहुँदै बालबालिकालाई किन परिवारबाट अलग गरिन्छ ? किन माग्ने काममा लगाइन्छ ? किन अपराध गर्न लगाइन्छ ? किन अनाथ र टुहुरा भनिन्छ भनि अनुत्तरित प्रतिप्रश्न गर्नुहुँदै पारिवारिक पुनर्मिलनका लागि आफ्नो संस्थाले गरेको उदाहरणीय कार्यको जानकारी दिनुभयो । बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउन सकियो भनेमात्र पनि केहि हदसम्म बाल संरक्षण हुनसक्ने उहाँको् भनाई छ ।

साइन टुगेदरका जुना लामा र वीरेन्द्र शाहीले अव्यवस्थित बालगृहमा रहेका बालबालिकाले भोगिरहेको समस्याको बारेमा चित्रण गर्नुभयो। बालगृहमा रहेका बालबालिकाको संरक्षणको सबालमा संबेदनशील हुन सबैलाई आग्रह गरिएको छ।

कार्यक्रममा अक्सफामका सृष्टि ढकाल, हेन्डीकेप इन्टरनेशनलका पदम महर, एकप्याट लग्जेम्बरका अमृता पौडेल, श्रद्धा बर्मा चाइल्ड एड नेटवर्क फाउण्डेशनका हकिमेह यागुटकार र सुमिरा श्रेष्ठ, गुड नेबर्स इन्टरनेशनलका रमेश बुढा, आडारा विकास नेपालका पासाङ शेर्पालगायतका सहभागीहरुले आआफ्नो कार्यक्षेत्रमा संरक्षणविहीन अवस्थामा रहन बाध्य बालबालिकाकोबारेमा बताएका थिए ।




## यो देशमा...

वर्षौंदेखि पुरुषको भाष्यलाई धारण गरेर बसेकी हुन्छे। यसरी यी तीन कुराको संयोजनले न्याय पाउन गाह्रो हुँदोरहेछ ।

ग्रीकमा एउटा मिथोलोजी छ। एउटा अचम्मको जन्तु हुन्छ । त्यसका तीनटा टाउका हुन्छन् । त्यसलाई मार्नुपर्यो भने तीनटा टाउका एकैचोटि काट्नुपर्छ। एउटा अथवा दुइटा मात्र काटेर त्यसलाई छाडियो भने अरु टाउका आफैं पलाइहाल्छन् । संरचना, कानुन र विचार पनि तीन टाउका हुन् । विचार परिवर्तन गर्न तपाईं हामी लेख्छौं । त्यसले विचारको टाउको काट्छ। तर, फेरि संरचना त त्यही छ। संरचनाको टाउको काट्यो, फेरि कानुन त्यही छ। कानुनलाई परिवर्तन गर्यो, फेरि विचार त्यही पुरानै छ । नारीहरु संवेदनशील हुनुपर्छ, पुरुषहरु जन्मजातै आक्रामक हुन्छन् भन्ने हाम्रो भाष्य छ ।

त्यसैले जबसम्म हामीले तीनवटै टाउका एकै पटक काट्न सक्दैनौं, न्याय प्राप्तिको यात्रा त्यति नै कठिन भइरहन्छ ।

(लेखक तथा अभियन्ता डा. सञ्जीव उप्रेतीले 'न्यायको संघर्षमा सीमान्तकृत महिला' शीर्षकमा सडक बहसमा दिएको मन्तव्य / *स्रोतः इकागज)*




सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

## बकैया गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड

# छनौट प्रतियोगितामा बुद्ध माविलाई १८ स्वर्ण



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैयामा जारी बकैया गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगितामा बकैया–३ स्थित बुद्ध माविलाई १८ स्वर्ण प्राप्त भएको छ । मंगलबार, शुक्रबार र शनिबार तीन दिन प्रतियोगिताका कबड्डी र एटलेटिक्सअन्तर्गतका सम्पूर्ण खेल पूरा भएसँगै बुद्ध माविले १८ स्वर्ण प्राप्त गर्दै प्रथम भएको बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष बिजय लामा थिङले जानकारी दिनुभयो ।

प्रतियोगितामा ७ स्वर्ण प्राप्त गर्दै जनक मावि द्वितीय भएको छ भने महेन्द्र माविले ६ स्वर्ण प्राप्त गर्दै तृतीय भएको हो । प्रतियोगिताअन्तर्गत् कराँतेमा पुरुषतर्फ ४२ केजीमा जनक माविका सुनिल जिम्बा छनौट भएका छन् । पुरुषतर्फकै ४७ केजीमा महेन्द्र माविका नवीन मोक्तान छनौट हुँदा ५२ केजीमा कालीदेवी माविका राम भोलोन छनौट भएका छन् । कराँतेमा महिलातर्फ ४० केजीमा प्रभात माविका प्रमिला थिङ, ४५ केजीमा महेन्द्र माविका दीक्षा कार्की र ५० केजीमा महेन्द्र माविका स्नेहा पराजुली छनौट भएका छन् ।

पुरुषतर्फ १०० मिटर दौडमा बुद्ध माविका सुजन राई प्रथम र पाण्डव राई द्वितीय हुँदै छनोट भएका छन् । १०० मिटर दौडकै महिलातर्फ जनक माविका सुजिना माझी प्रथम र कर्मप्राप्ती माविका सुजिना वाईबा दोश्रो हुँदै छनोट भएको हुन् । २०० मिटर दौडमा पुरुषतर्फ बुद्ध माविका आयुस नेगी प्रथम र सुजन लो द्वितीय भएर छनोट भएका छन् भने महिलातर्फ जनक माविका सुजिना माझी प्रथम र सुस्मिता राई द्वितीय हुँदै छनोट भएका छन् । यस्तै, ४०० मिटर दौडमा पुरुषतर्फ बुद्ध माविका आयुस नेगी प्रथम र महेन्द्र माविका दीपन राई द्वितीय भएर छनोट भए भने महिलातर्फ जनक माविका रञ्जु राई प्रथम र सञ्जीता राई द्वितीय भएर छनोट भएका छन् ।

हाइजम्पमा पुरुषतर्फ महेन्द्र माविका जोसेफ राई प्रथम र कर्मप्राप्ती माविका विकास आले मगर द्वितीय हुँदै छनोट भए भने महिलातर्फ जनक माविका अलिसा राई प्रथम र कर्मप्राप्ती माविका सशीला स्याङ्तान द्वितीय हुँदै छनोट भएका छन् । लङजम्पमा पुरुषतर्फ बुद्ध माविका आयुस नेगी प्रथम र महेन्द्र माविका जोसेफ राइ द्वितीय हुँदै छनोट भए भने महिलातर्फ कर्मप्राप्ती माविका सुजिना वाइबा प्रथम र महेन्द्र माविका विमला घिमिरे द्वितीय हुँदै छनोट भएका छन् ।

सटपुटमा पुरुषतर्फ बुद्ध माविका अञ्जित भोलन प्रथम र महेन्द्र माविका विरोचन लामा द्वितीय हुँदै छनोट भएका छन् भने महिलातर्फ बुद्ध माविका मनिसा डिम्डुङ प्रथम र महेन्द्र माविका विमला घिमिरे द्वितीय हुँदै छनोट भएका हुन् ।

प्रतियोगितामा बकैया गाउँपालिकाभित्रका ८ वटा विद्यालयको सहभागिता रहेको थियो । प्रतियोगिताको उद्घाटन बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानको प्रमुख आतिथ्यमा भएको थियो । उद्घाटनमा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेष खड्की, शिक्षक, विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।

# कवि चन्द्र गुरुङको कृतिमाथि विमर्श



समाज संवाददाता

हेटौंडाः कवि चन्द्र गुरुङको कविता संग्रह 'जब एउटा मान्छे हराउँछ' कृतिमाथि विमर्श भएको छ । शनिबार सम्पन्न साहित्य संगम मकवानपुरको ३२७ औं नियमित साहित्य सन्ध्या तथा खेम बानियाँ स्मृति विशेषमा गुरुङको कृतिमाथि विमर्श भएको हो ।

कृतिका लेखक तथा कवि गुरुङले मन्तव्य राख्नुहुँदै कविता के हो भन्दा पनि साहित्य के हो बुझ्न आवश्यक रहेको बताउनुभयो । विमर्श गरिएको कृतिबाट कवि गुरुङले ५ वटा कविता वाचन गर्नुभएको थियो । देश प्रेम, बुढो माझीको देश, अचेल हामी भेट हुँदा, बाको अनुहार र झरिरहेछ पानीको मुसलधारे आगो शीर्षकका कविता वाचन गर्नुभयो । कविता वाचन गर्नुहुँदै उहाँले आफू धेरै नबोल्ने तथा अध्ययन नगर्ने व्यक्ति रहेको बताउनुभयो ।

साहित्य संगम मकवानपुरका सदस्य कुवेर पराजुलीले निर्बन्द खुसी, भवानी तिमल्सिनाले पानी नचल्ने मान्छे, किशन पौडेलले सब ठिकठाक हुनै सक्दैन शीर्षकमा कविता वाचन गर्नुभयो । संगमका कोषाध्यक्ष मनोज पोखरेलले निकै जाडो शीर्षकमा कविता वाचन गर्नुभयो । गुरुङका कृतिबाट फरकफरक शैलीमा १/१ वटा कविता ५ जना वाचकहरुलाई वाचन गर्न दिइएको हो ।

कार्यक्रमलाई स्वागत तथा कविको कृतित्व र व्यक्तित्वमाथि चर्चा गर्नुहुँदै संगमका उपाध्यक्ष सानु खनालले कवि गुरुङले कक्षा ७ देखि कविता लेख्न सुरु गर्नुभएको जानकारी दिनुभयो । कवि गुरुङले पहिलो पटक लेख्नुभएको चङ्गा शीर्षकको कविता छिमेकी देश भारतबाट प्रकाशन भइरहेको अंग्रेजी सञ्चार माध्यममा छापिएको उहाँले बताउनुभयो । गोरखा जिल्लामा जन्मनु भएका गुरुङको जन्म मिति फरकफरक रहेको उहाँले जानकारी दिनुभयो । कवि गुरुङले आफू २०३१/०३२ सालमा जन्मेको दावी गर्दै आउनुभए पनि नागरिकतामा २०३३ सालमा जन्ममिति उल्लेख रहेको खनालले जानकारी दिनुभयो ।

छिमेकी देश भारतमा बाल्यकाल बिताएका गुरुङले कक्षा १२ सम्म हिमाञ्चल प्रदेशमै पढेको उहाँले बताउनुभयो । बीबीएस उत्तीर्ण गरेका गुरुङ रोजगारीको सिलसिलामा साउदी अरेबिया र बहराइनमा समेत पुगेको खनालले जानकारी दिनुभयो । वैदेशिक रोजगारीकै अवसरमा गुरुङले एक्लोपनलाई छल्न र घरपरिवारको सम्झना मेटाउन 'जब एउटा मान्छे हराउँछ' कृति तयार पारिएको उहाँको भनाइ छ । २०६० सालमा साउदी अरेबिया पुगेका गुरुङ ३ वर्षपछि पुनः फर्केका थिए । त्यसपछि २०६३ सालमा 'उसको मुटुभित्र देशको नक्सा नै थिएन' कृति तयार पारेको उहाँले जानकारी दिनुभयो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले अनुवादक तथा कवि गुरुङ शालिन, कोमल र संवेदनशील कवि रहेको बताउनुभयो । स्मृति विशेषमा खेम बानियाँको चर्चा गरिएको थियो । २०५१ सालमा साहित्य संगम मकवानपुरको सहसचिव र २०५३ सालमा सदस्यको जिम्मेवारी बानियाँले निभाउनभएको निखिलले बताउनुभयो । बानियाँ अहिले जीवित रहेको भए प्रतिष्ठित लेखक हुने बताउनुहुँदै स्मरण गरिएको थियो ।

संगमकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा वरिष्ठ साहित्यकार तुल्सी थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा साहित्यकारहरु रमेशमोहन अधिकारी, मुक्तिगोविन्द वैद्यलगायतको उपस्थिति थियो ।

# सोमबार शिक्षक दौड र स्लो स्कुटी रेस हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सोमबार जिल्लास्तरीय पुरुष शिक्षक दौड तथा महिला शिक्षक स्लो स्कुटी रेस प्रतियोगिता हुने भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को प्रायोजन तथा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको आयोजनामा प्रतियोगिता हुने भएको शनिबार पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

हेटौंडा–४, हुप्रचौरमा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुन आज आइतबार दिउँसो ४ बजेसम्म नाम दर्ता गर्न सकिने जनाइएको छ । पुरुष शिक्षक दौडतर्फ प्रथम, द्वितीय, तृतीय र चौथो हुनेले क्रमशः ६ हजार, ५ हजार, ३ हजार र २ हजार रुपैयाँ प्राप्त गर्नेछन् । महिला शिक्षक स्लो स्कुटी रेस प्रतियोगितातर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ७ हजार, ५ हजार र ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दहालको सभाध्यक्ष तथा हेटौंडा–४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा भएको पत्रकार सम्मेलनमा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्की र कार्यालय प्रमुख माधव कोइरालालगायतको आतिथ्य रहेको थियो ।

# डा. प्रधान सम्मानित हुँदै



समाज संवाददाता

हेटौंडाः भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालले बिजुलीमाया वनः श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार–२०७९ बाट वरिष्ठ कलासाधक डा. किरण प्रधानलाई सम्मानित गर्ने भएको छ । हेटौंडामा एक कार्यक्रमका बीच डा. प्रधानलाई नगद १ लाख राशिको १४ औं बिजुलीमाया वनः श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कारबाट सम्मानित गरिने भएको हो । समाजसेवी कन्हैया श्रेष्ठले स्थापना गर्नुभएको उक्त पुरस्कार आज आइतबार डा. प्रधानलाई प्रदान गर्न लागेको भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपाल मकवानपुरका अध्यक्ष हयग्रीब आचार्यले जानकारी दिनुभयो ।

# बेवारिसे भएर हिँड्ने लामाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बेवारिसे भएर हिँड्ने हेटौंडा–९, पशुपतिनगरका ४० वर्षीय नवराज लामाको मृत्यु भएको छ । शनिबार बिहान ८ बजेर २० मिनेटको समयमा हेटौंडा–४, नेपाल बैंक नजिक सडक छेउमा अचेत अवस्थामा रहेका लामाको उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा डाक्टरले ८ बजेर २८ मिनेटको समयमा मृत घोषणा गरेको हो ।

लामा बेवारिसे अवस्थामा रहेको खबर प्राप्त हुनासाथ उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी सहायक निरीक्षक अन्जना उप्रेतीको कमाण्डमा टोली खटेर लामालाई उपचारका लागि अस्पतालमा लगिएको थियो । लामाको मुखबाट रगत बगेको र अन्य घाउचोट नरहेको प्रहरीले जनाएको छ ।

# सम्पादक श्रेष्ठ सम्मानित




*सम्पादक श्रेष्ठलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

चितवनः समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठलाई सम्मान गरिएको छ । टेलिभिजन कार्यक्रम स्वास्थ्य दर्पणको सातौं वार्षिकोत्सवको अवसरमा शनिबार चितवन जिल्लाको भरतपुरमा भएको कार्यक्रममा सम्पादक श्रेष्ठलाई सम्मान गरिएको हो ।

स्वास्थ्य सेवाको क्षेत्रमा पत्रकारितामार्फत उल्लेखनीय योगदान गरेबापत सम्पादक श्रेष्ठलाई सम्मान गरिएको हो । स्वास्थ्य दर्पण कार्यक्रमका सन्चालक सन्दीप श्रेष्ठको सभाध्यक्षता तथा नेपाली कांग्रेसका नेता शशांक कोइरालाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव कार्यक्रम भएको हो । सम्पादक श्रेष्ठसँगै चितवनको सूर्यप्रकाश कँडेल, मधेश प्रदेश र १ नम्बर प्रदेशका एकएकजना पत्रकारमा सम्मानित भएका छन् ।

कार्यक्रममा चिकित्सक, स्वास्थ्यकर्मीलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलको पनि आतिथ्य रहेको थियो ।

# गण्डकी समाज मकवानपुर गठन

समाज संवाददाता

हेटौंडाः विभिन्न पेशा, व्यवसायका क्रममा मकवानपुर जिल्लामा रहनुभएका गण्डकी प्रदेशका नागरिकको भेलाले शनिबार गण्डकी समाज मकवानपुर गठन गरेको छ । शनिबार हेटौंडामा भएकोल भेलाले बुद्धि ढकालको अध्यक्षतामा १७ सदस्यीय कार्यसमिति गठन भएको छ ।

समाजको उपाध्यक्षमा महेन्द्र राउत र हरिमाया ढकाल, महासचिवमा गोपीराम बञ्जारा, कोषाध्यक्षमा राम थापा, सहकोषाध्यक्षमा रामनाथ बगाले चयन हुनुभएको छ । यस्तै सदस्यमा सरस्वती तिमसेर, निरा थापा, सावित्री राना मगर, दीपक बास्तोला, लेखनाथ अधिकारी, सुजाता मैनाली, रामजी न्यौपाने, कुलप्रसाद पौडेलर शिवशमी पोखेल चयन हुनुभएको छ ।

# ग्रील तथा स्टील व्यवसायी संघको साधारणसभा

समाज संवाददाता

हेटौंडाः ग्रील तथा स्टील व्यवसायी संघ मकवानपुरको दशौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । संघका अध्यक्ष केशव प्रसाईको सभाध्यक्ष तथा ग्रील तथा स्टील व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष मोहन कटुवालको प्रमुख आतिथ्यमा शनिबार सभा भएको हो ।

साधारणसभामा मन्तव्य राख्नुहुँदै अध्यक्ष कटुवाले व्यवसायीहरुको समस्या समाधानका लागि सरकारले अग्रसरता देखाउनुपर्ने बताउनुभयो । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष नवीन सिग्देलले १९ वटै वडामा संघको समस्या समाधानका लागि अन्तरक्रिया कार्यक्रम राख्ने प्रतिबद्धता जनाउनुभयो । सभामा महासंघका केन्द्रीय उपाध्यक्ष निरञ्नकुमार श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारीको विशेष आतिथ्य रहेको थियो ।

# पेस्तोलसहित २ जना पक्राउ

जनकपुरधामः धनुषामा अवैध हतियार पेस्तोलसहित दुई जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाले शनिबार जनकपुरमा पत्रकार सम्मेलन गरी मिथिला नगरपालिकास्थित नक्टाझिझ विश्वकर्मा चोकमा पेस्तोलसहित स्थानीय २६ वर्षीय रोशन महतो र ३६ वर्षीय शंकर महतोलाई पक्राउ गरिएको जानकारी गराएको हो ।

इकाका प्रहरी कार्यालय महेन्द्रनगर र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त प्रहरी टोलीले गत माघ १२ गते साँझ विशेष सूचनाको आधारमा खानतलासी गर्दा उनीहरुलाई पेस्तोलसहित पक्राउ गरी थप अनुसन्धानको कामलाई अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धुनषाका प्रमुख एसपी विश्वराज खड्काले बताए । उनका अनुसार उनीहरुको साथबाट माउजर पेस्तोल १ थान, सो पेस्तोलमा लोड गरिएको म्यागिजन १ थान र म्यागिजनमा लोड गरिएको २ थान गोली बरामद गरिएको छ । सो पेस्तोल भारतीय सिमानाका जटहीबाट खरिद गरी ल्याएको खुल्न आएको र थप अनुसन्धान भइरहेको जनाएको छ । *(स्रोतः अनलाइनखबर)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी,

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ